दमक नगरपालिका, झापा
**स्थानीय राजपत्र**

| | |
|---|---|
| **बर्ष : ४** | **प्रमाणीकरण मिति : २०७७/१२/०३** |
| **संख्या : २०** | **प्रकाशन मिति : २०७७/१२/०८** |

भाग : १

२०७७ सालको ऐन संख्या : ५

# बजार ब्यवस्थापन तथा अनुगमन ऐन, २०७७

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ ले एकल अधिकारको रुपमा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेकाले स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवाको सुनिश्चितता गर्दै उपभोक्ताको हक, हित संरक्षण तथा संवर्द्धन गर्ने स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा नियमन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दमक नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम **"बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७"** रहेको छ ।

२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) **"प्रमुख"** भन्नाले दमक नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ग) **"उपप्रमुख"** भन्नाले दमक नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

घ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले दमक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **“अनुचित व्यापारिक क्रियाकलाप”** भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

च) **“उपभोक्ता”** भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

छ) **“उपभोक्ता संस्था”** भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था  वा त्यस्तो संस्थाको स्थानीय तहको नगर स्तरीय शाखा समेतलाई सम्झनु पर्दछ ।

ज) **“गुणस्तरहीन वस्तु”** भन्नाले गुणस्तर मापदण्ड पूरा नभएको बस्तुलाई सम्झनु पर्दछ ।

झ) **“गुणस्तरहीन सेवा”** भन्नाले गुणस्तर मापदण्ड पूरा नभएको सेवा लाई सम्झनु पर्दछ ।

ञ) **“निरीक्षण अधिकृत”** भन्नाले यस ऐनको दफा २३ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

ट) **“वस्तु”** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा सो को सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ ।

ठ) **“प्रदायक”** भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

ड) **“लेवल”** भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको टचाग, चिन्ह, तस्बिर वा अन्य विवरण उल्लेख भएको वस्तु सम्झनु पर्दछ ।

ढ) **“समिति”** भन्नाले दफा २० बमोजिम गठित बजार व्यवस्थापन समितिलाई सम्झनु पर्दछ

ण) **“सेवा”** भन्नाले विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, सर सफाई, शिक्षा, वातावरण, बैंक तथा वित्तीय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

त) **“बजार”** भन्नाले दमक नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनु पर्दछ ।

थ) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले यो ऐन वा ऐन बमोजिमका नियम, कार्यविधि,निर्देशिका तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद–२

## व्यवसाय दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी

**३. व्यवसाय दर्ता तथा अनुमति** : **१**) दर्ता वा अनुमति नलिइ कुनै पनि पसल, व्यवसाय वा सेवा प्रदान गर्न पाइने छैन ।

**२**) दर्ता वा अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. नवीकरण :** १) दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएको व्यवसायको तोकिएको अवधिभित्र नवीकरण गर्नुपर्ने छ ।

२) नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५. नामसारी, ठाउँसारी, विवरण संशोधन, हेरफेर र सिफारिस :** नामसारी, ठाउँसारी, विवरण संशोधन, हेरफेर र सिफारिस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. व्यवसाय खारेजी** : व्यवसायको खारेजी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## बजार व्यवस्थापन

**७. बजार व्यवस्थापन : १**) नगरपालिकाले बजार व्यवस्थापन सम्बन्धी देहायका कार्यहरू गर्नेछ :

(क) व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) बजार तथा हाट बजार व्यवस्थापन र सञ्चालन गर्ने ,

(ग) वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण गर्ने,

(घ) व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन तथा नियमन गर्ने,

(च) व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी गर्ने,

(छ) व्यापारको तथ्यांक प्रणाली व्यवस्थित गर्ने ,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,
(झ) व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्ने,
(ट) उपभोक्ता सचेतना अभिवृद्धि गर्ने,
(ठ) जनस्वास्थ्य तथा सेवामा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र ओसार पसारमा नियन्त्रण गर्ने,
(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा सुरपरिवेक्षण गर्ने,
२) उल्लेखित कार्यहरु सम्पन्न गर्न बजेटको व्यवस्था गर्ने ।

**८. उपभोक्ताको अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था :** १) नगरपालिकाले प्रचलित कानून बमोजिम उपभोक्तालाई प्राप्त अधिकारको सवर्द्धन र संरक्षण गर्नेछ ।

२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र संवर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

**९. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व :** नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ।

## परिच्छेद ४

## अनुचित व्यापारिक क्रियाकलापमा बन्देज तथा आपूर्ति व्यवस्था

**१०. अनुचित व्यापारिक क्रियाकलाप** : १) नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका अनुचित व्यापारिक क्रियाकलापहरु गर्न वा गराउन पाइने छैन -

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री गर्न,
(ख) उपभोग्य वस्तु वा सेवाको मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्न
(अ) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तरताको मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गर्न,
(आ) पुनःनिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी भ्रममा पारी वा झुक्याई बिक्री गर्न,
(इ) रोग निको हुने भनी बिना तथ्य उपभोग्य बस्तुको विक्री गर्न,

(ग) उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा रसायनको प्रयोग गर्नु वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्न,

(घ) उपभोक्तालाई हानि वा नोक्सानी हुने गरी वस्तु उत्पादन, मिश्रण, आपूर्ति, ओसार पसार, संचय वा विक्री गर्न,

(ङ) नक्कली वस्तु उत्पादन वा विक्री गर्न,

(च) गुणस्तरहीन वस्तुको निकासी, पैठारी, उत्पादन र बिक्री गर्न,

(छ) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्न गराउन ,

(ज) उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा मूल्य निर्धारण गर्न वा उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेतासँगको मिलेमतोबाट तोकिए भन्दा वढी मूल्यमा विक्री गर्न,

(झ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्न ,

(ञ) उपभोग्य वस्तु वा सेवा बिक्री गर्ने प्रयोजनार्थ कुनै संरचना मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्न,

२) तोकिएका अन्य मापदण्डहरु पूरा नगरी वस्तु वा सेवाको बिक्री गर्न,

**११. बजारको तह निर्धारण सम्वन्धी व्यवस्था : १)** नगरपालिकाले उपभोक्ता हकहित संरक्षण र व्यवस्थापन गर्न तथा स्वच्छ, सुलभ तथा पारदर्शिता कायम गर्ने गरी तोकिए बमोजिम बजारको तह निर्धारण गर्न सक्नेछ ।

२) बजारको तह फरक पर्ने गरी वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

३) बजारको तह निर्धारण सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१२. आपूर्ति व्यवस्था :** १) माग र आपूर्तिको आधारमा सेवा तथा वस्तु विक्री गर्नुपर्नेछ ।

२) माग र आपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. वस्तु र सेवाको बिक्री स्थल सम्बन्धी व्यवस्था :** १) अनुमति प्राप्त स्थान बाहेक वस्तु तथा सेवाको उत्पादन, आपूर्ति, भण्डारण, संचय तथा विक्री वितरण गर्न गराउन पाइने छैन ।

२) उपनियम (१) बमोजिमको प्रक्रियागत व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन : १)** नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

२) सुपथ मूल्य पसलको वस्तु तथा सेवालाई तोकिए भन्दा वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण :** १) नगरपालिकाले वस्तु वा सेवा बिक्री वितरणका लागि कुनै निश्चित स्थान, समय निर्धारण गर्न सक्नेछ ।

२) स्थान र समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. वातावरण सफा र स्वच्छ राख्नुपर्ने :** १) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवा प्रदायकले नगरपालिका क्षेत्रको वातावरण, सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी पुग्ने गरी कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

२) कारोबार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

**१७. वस्तु र सेवाको सूची र मूल्य निर्धारण :** १) नगरपालिकाले समय समयमा वस्तु वा सेवाको मूल्य निर्धारण गर्नु गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम नगरपालिका क्षेत्र भित्र तोकिएको मूल्यभन्दा बढी मूल्यमा विक्री वितरण गर्न पाईने छैन ।

३) नगरपालिकाले अत्यावश्यक उपभोग्य वस्तुहरुको सूची र उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक गर्नु पर्नेछ ।

**१८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र** : १) वस्तु वा सेवा विक्रेताले आफ्नो व्यवसाय वा पसलमा सवैले देख्ने गरी आफुले विक्री गर्ने वस्तु तथा सेवाको मूल्य सूची राख्नु पर्नेछ ।

२) व्यवसायीले आफ्नो पसल वा व्यवसायिक कार्यालयमा व्यवसाय दर्ता प्रमाण- पत्र अनिवार्य राख्नु पर्नेछ ।

३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिल भर्पाई अनिवार्य रुपमा दिनु पर्नेछ ।

**१९. बजार अनुगमनका सूचकहरु :** १) देहाय सूचकका आधारमा बजार अनुगमन गर्नुपर्नेछ :

(क) विक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्राप्त बैधानिक कागजात,

(ख) विक्रेता वा सेवा प्रदायकले व्यवसायको साइन बोर्ड,

(ग) सेवा प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल,

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि, मूल्य, मिश्रण, केरमेट भए नभएको, उपभोग गर्ने तरिका, भण्डारण,

(च) इजाजत प्राप्त औषधि विक्रेता ,

(छ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड,

(झ) वस्तुको बिल बिजक,

(ञ) स्वास्थ्य तथा सरसफाई,

२) तोकिए बमोजिमका अन्य सूचकहरू

## परिच्छेद - ५
## समिति गठन तथा काम, कर्तव्य र अधिकार

**२०. बजार व्यवस्थापन समिति :** १) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका आदिको कार्यान्वयन गर्न नगरपालिका क्षेत्र भित्र देहाय बमोजिमको बजार व्यवस्थापन समितिको गठन हुनेछ :

(क) नगरपालिकाका उपप्रमुख वा कार्यपालिकाले तोकेको व्यक्ति - संयोजक

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला सदस्य मध्येबाट एक जना - सदस्य

(ग) ईलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(घ) नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गर्ने संस्था मध्येबाट कार्यपालिकाले तोकेका दुई महिला सहित तीन जना - सदस्य

(ङ) दमक नगरपालिका उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्न गैरसरकारी संस्था मध्येबाट कार्यपालिकाले तोकेको एकजना -सदस्य

(छ) नगरपालिकाको सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

२) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२१. **समितिको काम कर्तव्य र अधिकार :** १) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापन गर्ने गराउने,

(ख) अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने गराउने,

(ग) माग र आपूर्ति सम्बन्धी व्यवस्थापन गर्ने गराउने,

(घ) बजार वा सेवाको तथ्यांक संकलन र अध्यावधिक गर्ने गराउने,

(ङ) बजारको छड्के अनुगमन गर्ने गराउने,

(च) उपभोक्ता सचेतना कार्यक्रम गर्ने गराउने,

(छ) उपभोक्ताको सूचना सम्बन्धी हकको सूनिश्चित गर्ने गराउने, ,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोली वा निरीक्षण अधिकृतले सहयोग तथा निर्देशन गर्ने,

(झ) कार्यपालिकाले दिएको निर्देशन र आदेशको कार्यान्वयन गर्ने,

२) आवश्यकता अनुसार बजार अनुगमनका लागि उपसमिति, विषयगत समिति वा टोली गठन गर्ने,

३) समिति, उपसमिति वा टोलीका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४) उपसमिति वा टोली वा निरीक्षण अधिकृतले बजार अनुगमन प्रतिवेदन समिति समक्ष पेस गर्नु पर्नेछ।

(५) बजार अनुगमन गर्दा प्रचलित कानून बमोजिम कसूर गरेको पाईएमा सम्बन्धित निकायमा कारवाहीका लागि लेखी पठाउनु पर्नेछ ।

२. **आचार संहिता :** १) बजार अनुगमन समिति, उपसमिति, टोली तथा निरीक्षण अधिकृतले बजार अनुगमन गर्दा देहाय बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

(क) अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न बाहेक अरु कसैलाई पनि पूर्व सूचना वा जानकारी गर्न गराउन पाईने छैन,

(ख) नजिकको नाता पर्ने व्यवसायीको पसल वा व्यवसायको अनुगमन गर्नु परेमा नाता पर्ने व्यक्ति अनुगमन कार्यमा संलग्न हुन वा गराउन पाईने छैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले कुनै पनि किसिमको चन्दा, दान, दातब्य, उपहार वा कुनै किसिमको सुविधा स्वीकार गर्न पाईने छैन,

(घ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्न पाईने छैन,

(ङ) अनुगमनको कारबाही सम्बन्धी सूचना प्रवाह गर्नु परेमा संयोजक मार्फत मात्र गर्नु पर्नेछ,

(च) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू व्यवसायी समक्ष मर्यादित तवरबाट प्रस्तुत हुनुपर्ने छ ,

(छ) अनुगमनका क्रममा व्यवसायीको भण्डारण स्थल वा पसलबाट आवश्यकता भन्दा वाहेकका माल वस्तु निकाल्न पाईने छैन,

(ज) बजार अनुगमनको क्रममा तयार भएका मुचुल्का लगायतका कागजात फेर बदल गर्न पाईने छैन,

(झ) अनुगमनका क्रममा गोप्यता भङ्ग गर्न पाईने छैन ।

२) अनुगमनमा संलग्न कर्मचारीले आचारसंहिता उल्लघन गरेमा यसै ऐन बमोजिमको सजाय गरी प्रचलित कानून बमोजिम विभागीय कारबाहीको निम्ति सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्नु पर्नेछ ।

३) अनुगमन समिति, उप समिति वा टोलीले अनुगमनका क्रममा आचार संहिताको उल्लङ्घन गरेमा यसै ऐन बमोजिमको सजाय गरी समिति, उप समति वा टोलीबाट हटाउन सकिनेछ ।

४) अनुगमनका क्रममा यो ऐन वा ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेख भए वाहेक अन्य मापदण्ड बनाउनु परेमा समिति, उप समिति वा टोली आफैले बनाउन सक्नेछ ।

## परिच्छेद ६

## बजार निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

**२३. बजार निरीक्षण अधिकृतको नियुक्ति :** १) नगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात

लगायतका काम गर्न अधिकृत कर्मचारीलाई बजार निरीक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

२) निरीक्षण अधिकृतलाई सहयोग गर्न नगरपालिकाले अन्य कर्मचारी तोक्न सक्नेछ ।

३) बजार निरीक्षण अधिकृतको योग्यता तोकिए बमोजिम हुने छ ।

२४. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार** : १) निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मका लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने,

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने,

२) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२५. **निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि** : निरीक्षण अधिकृतले निरीक्षण, अनुसन्धान, जाँचबुझ वा तहकिकात गर्दा अपनाउनु पर्ने कार्यविधि यो ऐन, यस अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७
## अनुसन्धान, तहकिकात, कारवाहीको सिफारिस, निर्णय तथा दण्ड जरिवाना

२६. **अनुसन्धान तथा तहकिकात :** १) समिति, उपसमिति वा टोलीले बजार अनुगमन गर्दा यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै व्यवसायी वा सेवा प्रदायकले कुनै कसुर गरेको पाईएमा बजार निरीक्षण अधिकृत मार्फत तहकिकात तथा अनुसन्धान गर्नुपर्ने छ ।

२) निरीक्षण अधिकृत स्वयंले अनुगमन गरेकोमा निजले नै अनुसन्धान तथा तहकिकात गर्नुपर्ने छ ।

३) अनुसन्धान तथा तहकिकात सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **कारवाहीको सिफारिस :** दफा २६ बमोजिम बजार निरीक्षण अधिकृतले तहकिकात तथा अनुसन्धानको कार्य पूरा गरी समितिका संयोजक मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष कारवाहीका लागि सिफारिस गर्नुपर्ने छ ।

२८. **निर्णय गर्नुपर्ने :** १) प्रमुख प्रशासकीय अधिकृत समक्ष दफा २७ बमोजिम कारवाहीका लागि सिफारिस भई आएमा ३५ दिन भित्र निर्णय गर्नु पर्नेछ ।

२) प्रमुख प्रशासकीय अधिकृतले कारवाहीको निर्णय गर्नु अघि सेवा प्रदायक वा व्यवसायीलाई ७ दिने म्याद जारी गरी सफाइ वा सुनुवाइको मौका प्रदान गर्नु पर्नेछ ।

३) निर्णय गर्ने अधिकारीले थप प्रमाण बुझ्नु पर्ने भई निर्णय गर्न समय लाग्ने भए थप ३५ दिन भित्र सजाय गर्ने वा सफाई दिने गरी निर्णय गरिसक्नु पर्नेछ ।

२९. **कसुर र सजाय :** १) यो ऐनको देहाय अनुसारका दफाको वर्खिलाप हुने गरी कसैले काम कारवाही गरेमा देहाय अनुसारको दण्ड, जरिवाना वा दुवै सजाय हुने छ :

(क) दफा ३ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा पसलको प्रकृतिका आधारमा रु. २०००।- देखि रु. १०,०००।- सम्म जरिवाना गरी त्यस्तो पसल वा व्यवसाय बन्द गर्नु पर्ने छ ।

(ख) झुट्टा विवरण देखाई व्यवसाय वा पसल दर्ता गरेमा वा नवीकरण गराएमा, वडा वा नगरपालिकाले मागेका विवरण नबुझाएमा, नगर वा वडा कार्यालयले दिएको निर्देशन वा कानून बमोजिमका शर्त, मापदण्ड बारम्बार उल्लंघन गरेमा दफा ६ बमोजिम व्यवसाय खारेज गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम व्यवसाय खारेज भएमा व्यवसायको प्रकृतिको आधारमा रू.५०००।- देखि रू.२०,०००।- जरिवाना गर्नुपर्नेछ तर तोकिएका अन्य अवस्थामा व्यवसाय खारेज गर्दा
जरिवाना लिन पाइने छैन ।

(घ) दफा १० को उपदफा १ को खण्ड क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा क्षतिको आधारमा रु. ५०००।- देखि रु. ५०,०००।- सम्म जरिमाना हुने छ ।

(ङ) दफा ११ र १२ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा रु १०००।- देखि रु २५००।- सम्म जरिवाना हुने छ ।

(च) दफा १३ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा सामाजिक असरको आधारमा रु १०,०००।- देखि रु ३०,०००।- सम्म जरिमाना हुने छ ।

(छ) दफा १४ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा रु २५०० देखि रु ५००० सम्म जरिमाना हुने छ ।

(ज) दफा १५, १६, १७ र १८ को वर्खिलाप हुने गरी कामकारवाही गरेमा हानिका आधारमा रु. ५०००।- देखि रु. १५,०००।- सम्म जरिवाना हुने छ ।

२) ऐनको दफा २२ को उपदफा १ को खण्ड क, ख, ग, घ, ङ, च, छ, ज, झ बमोजिमको आचार संहिताको उलंघन गरेमा देहाय बमोजिम सजाय हुनेछ :

(क) निरीक्षण अधिकृत वा कर्मचारीका हकमा रु. २५,०००।- देखि रू.५०,०००।- सम्म जरीवाना गरी दफा २२ को २ बमोजिम सिफारिस गर्नु पर्नेछ ।

(ख) बजार अनुगमन समितिका सदस्यहरु, उपसमिति वा टोलीका संयोजक तथा सदस्यहरुका हकमा जनही रु २०,०००।- देखि रु ४०,०००।- सम्म

(ग) बजार अनुगमन समितिका संयोजकका हकमा रु ३०,०००।- देखि रु ५०,०००।- सम्म

(घ) दफा २९ को उपदफा २ को खण्ड ख र ग बमोजिम जरिवाना गरी दफा २२ को उपदफा ३ बमोजिम समितिबाट हटाउन सकिनेछ ।

३) अन्यथा व्यवस्था भएमा बाहेक यो ऐन अन्तर्गत बनेको नियमावलीको कुनै व्यक्ति, व्यवसाय फर्म, पसल, उद्योग वा सेवा प्रदायकले उल्लंघन गरेमा व्यवसायको प्रकृति हेरी रु ५,०००।- देखि रु १,००,०००।- सम्म जरिवाना हुने छ ।

४) समिति, उपसमिति, अनुगमन टोली वा निरीक्षण अधिकृतले अनुगमनका क्रममा यो ऐन वा यो ऐन बमोजिम बनेको नियमावलीको वर्खिलाप हुने गरी व्यवसायी वा सेवा प्रदायकले सामान्य कसूरजन्य कार्य गरेको पाइएमा उपयुक्तताका आधारमा सचेत गराउन वा अन्य आवश्यक लिखित निर्देशन दिन समेत सक्ने छ ।

**३०. निर्णय र सजाय सम्बन्धी छुट्टै व्यवस्था :** १) दफा २९ (२) को खण्ड (क) बमोजिमको सजाय गर्ने अधिकार बजार व्यवस्थापन समितिका संयोजकलाई हुनेछ ।

२) दफा २९ (२) को (ख) र (ग) बमोजिमको सजाय गर्ने अधिकार नगर प्रमुखलाई हुने छ ।

**३१. सूचना र नक्कल दिनुपर्ने :** १) निर्णय भएको मितिले १५ दिन भित्र सम्बन्धीत व्यवसायी वा सेवा प्रदायकलाई निर्णय भएको लिखित सूचना दिनु पर्नेछ ।

२) सम्बन्धित व्यवसायी वा सेवा प्रदायकले निर्णय लगायतका कागजातको माग गरेमा बजार निरीक्षण अधिकृतले प्रचलित कानून बमोजिमको दस्तुर लिइ नक्कल दिनु पर्नेछ तर उपदफा १ बमोजिम निर्णयको नक्कल लगेमा सूचना दिनुपर्ने छैन ।

**३२. सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्ने** : यो ऐन वा यो ऐन अर्न्तगत बनेको नियमावली बमोजिम अनुगमन गर्ने क्रममा प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले अनुसन्धान तहकिकात वा कारवाही गर्नुपर्ने देखिएमा त्यस्ता निकाय समक्ष समितिका संयोजक वा निजले तोकेको व्यक्तिले लेखी पठाउनु पर्नेछ ।

**३३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपुग्ने :** यस ऐन बमोजिम कसुर ठह्रर्ने कसुरजन्य कार्य अन्य प्रचलित कानूनबाट समेत कसुर ठहरिने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

## परिच्छेद-८
## पुनरावेदन र सो सम्बन्धी कारवाही :

**३४. पुनरावेदन** : १) दफा २९ को उपदफा २ बाहेक प्रमुख प्रशासकीय अधिकृतले दण्ड जरिवाना वा अन्य सजाय हुने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको वा नक्कल लिएको मितिले ३५ दिनभित्र तोकिएको दस्तुर बुझाई नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्ने छ।

२) नगर प्रमुख, उपप्रमुख वा तोकिएको अधिकृतले पुनरावेदन दर्ता गर्नु पर्नेछ।

३) निर्णयको सूचना पाएको वा नक्कल लिएको मितिले काबु भन्दा बहिरको परिस्थिति परी ३५ दिनभित्र पुनरावेदन गर्न नसकेको मनासिब कारण सहित थप १५ दिन भित्र म्याद थाम्ने निवेदन दिएमा उपदफा १ बमोजिम पुनरावेदन दर्ता गर्नु पर्नेछ।

४) नगर प्रमुख समक्ष पर्न आएको पुनरावेदन उपरको कारवाही पूरा गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय सदर, बदर वा आंसिक बदर गर्ने गरी निर्णय गर्न सक्नेछ।

**३५. पुनरावेदन सम्बन्धी छुट्टै व्यवस्था :** १) दफा २९ (२) को खण्ड क बमोजिम भएको सजाय उपर चित्त नबुझ्ने पक्षले नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्ने छ।

२) दफा २९ को उपदफा (२) को खण्ड ख, ग र घ बमोजिम भएको कसूरमा दफा ३० (२) बमोजिम नगर प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले नगर प्रमुख मार्फत नगर कार्यपालिकामा पुनरावेदन गर्नसक्ने छ।

३) नगर कार्यपालिका समक्ष परेको पुनरावेदन उपर नगर कार्यपालिकाको बैठकले संयोजक सहित ३ जनाको तटस्थ समिति गठन गर्नु पर्नेछ र सो समितिले आफै कार्यविधि निर्धारण गरी पुनरावेदनको कारवाही र किनारा गर्नुपर्ने।

४) दफा २९ (२) बमोजिम गरेको कसूरको निर्णय उपर पुनरावेदन गर्ने प्रक्रिया र सो उपरको कारवाही सम्बन्धी व्यवस्था दफा ३४ को उपदफा १, २, ३ अनुसार नै हुनेछ।

## परिच्छेद -९
## विविध

**३६. सूचना, अनुगमन तथा अनुसन्धानमा सहयोग गर्नेलाई पुरस्कार तथा प्रोत्साहन** : १) यो ऐन वा ऐन बमोजिम बनेको नियमको बर्खिलाप हुने गरी कसुर गरेको भनी कसैले सूचना दिएमा वा अनुसन्धानमा सहयोग गरेमा कसुरदारबाट असुल भएको बिगोको १० देखि २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार स्वरुप दिइनेछ ।

२) उपदफा १ बमोजिम सूचना दिने व्यक्तिको नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

**३७. समितिको कार्यक्रम तथा बजेट** : १) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिका लागि वार्षिक कार्यक्रमका आधारमा बजेट विनियोजन गर्नेछ ।

२) संघीय तथा प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित सरक्षणसँग सम्बन्धित संघसंस्थाको सहकार्य, समन्वय र साझेदारीमा उपदफा १ बमोजिमको बार्षिक कार्यक्रम संचालन गर्न सक्नेछ ।

**३८. स्थानीय प्रशासनको कर्तव्य** : समिति, बजार अनुगमन उपसमिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउन माग गरेमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३९. नियमावली बनाउन सक्ने** : १) यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमावली बनाउन सक्नेछ ।

**४०. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने** : यस ऐन र यस ऐन अन्तर्गतको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**४१. खारेजी र बचाउ** : १) **स्थानीय बजार व्यबस्थापन ऐन, २०७४** खारेज गरिएको छ ।

२) यस अघी बजार व्यवस्थापन सम्बन्धी भए गरेको कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**